
# लेखापरीक्षण प्रतिवेदन

# स्याङ्जा

## २०७२।७३




## महालेखापरीक्षकको कार्यालय

### काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १ | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २ | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३ | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| ३.१ | जिल्ला विकास समितिको कार्यालय | ३ |
| ३.२ | जिल्ला शिक्षा कार्यालय | ८ |
| ३.३ | जिल्ला स्वास्थ्य कार्यालय | ९ |
| ३.४ | जिल्ला प्रविधिक कार्यालय | ११ |
| ३.५ | सिंचाइ विकास डिभिजन | १३ |
| ३.६ | मालपोत कार्यालय | १५ |
| ३.७ | मालपोत कार्यालय,वालिङ | १६ |
| ३.८ | तथ्याक कार्यालय | १६ |
| ४ | आन्तरिक लेखापरीक्षण | १७ |
| | अनुसूची १ : लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | १८ |
| | अनुसूची २ : बेरुजूको स्थिति | १९ |
| | अनुसूची ३ : जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण | २० |
| | अनुसूची ४ : जिम्मेवार पदाधिकारीको नामावली | २१ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रवर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **पद्धति :** संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ ।

| | |
|---|---|
| ● सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>● वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>● महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>● संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>● गुणस्तर आश्वस्तता निर्देशिका,<br>● आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>● राजस्व लेखापरीक्षण मार्गदर्शन, | ● सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>● प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>● जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>● जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>● लेखापरीक्षकको आचारसंहिता,<br>● सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ९ कार्यालयको विस्तृत र २८ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण :** यस जिल्ला स्थित ३७ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.४ अर्ब ६८ करोड ५६ लाख को लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू :** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष १२ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा १५२ र रु.२४ करोड ८४लाख ५४ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म १२ कार्यालयको प्रतिक्रिया र समायोजन भएको ६६ दफा र रु.४२ हजार मिलान गरी ६ कार्यालयको दफा ८६ र रु.२४ करोड ८४ लाख १२ हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिकृयावाट फछ्र्यौट एवं समायोजन गरी बाँकी दफा संख्या कायम गरिएको छ। लेखापरीक्षणको क्रममा रु.२ लाख ९५ हजार र प्रतिक्रियाबाट रु.४२ हजार समेत रु.३ लाख ३७ हजार असुल भएको छ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु. १३ लाख २८ हजार, अनियमित रु.२२ करोड ४ लाख ७८ हजार र पेश्की रु.२ करोड ६६ लाख ६ हजार रहेको छ। यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव :** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## जिल्ला विकास समितिको कार्यालय

१. **बैंक समायोजन :** श्रेस्ताले देखाएको मौज्दात र बैंक स्टेटमेन्टले देखाएको मौज्दात फरक पर्न गएमा बैंक समायोजनको विवरण तयार गरी हिसावमिलान गर्नु पर्दछ। कार्यालयले आर्थिक वर्षको अन्त्यमा स्रेस्ता अनुसार र बैंक अनुसार मौज्दात देखाई रु.३,०७,७७२।९९ वैंक घटी, बढी भएको छ। सो फरक मध्ये २ खातामा रु.१८६८०१।१० वैंक वढी र १ खातामा रु.१२०९७१।८९ वैंक घटी रहेको छ । श्रेस्ताले देखाएको रकम र वैंकले देखाएको मौज्दात फरक पर्न गएको सम्वन्धमा छानविन गरि हिसाव मिलान गर्नु पर्छ ।

२. **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ अनुसार कार्यालयले आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ ।जिल्ला बिकास समितिको आन्तरिक लेखापरीक्षण मासिक रुपमा नगरी चौमासिक रुपमा मात्र गर्ने गरेको, विषयगत कार्यालय र गाउँ विकास समितिको पनि चौमासिक रुपमा लेखापरीक्षण नगरी वार्षिक रुपमा मात्र गरेको, समितिको कार्यालयले पूँजीगत अनुदानबाट रु.५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसक्ने व्यवस्था भएपनिग्रामिण सडक,पहिरो नियन्त्रण, भवन निर्माण, कुलो मर्मत समेतका अधिकाँश आयोजनाहरु रु.५ लाखभन्दा कम लागतका योजना छनौट तथा सञ्चालन गरेको, आन्तरिक लेखापरीक्षण शाखाले गाउँ विकास समितिहरुको २०७१।७२ सम्मको अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुगमन गरी २ गा.वि.स.को मात्र सम्परीक्षण गरेको,कार्यालयले उदेश्य प्राप्तमा आइपर्ने सम्भावित जोखिमहरुको पहिचान नगरेको,जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मूल्य नखुलेको पुराना सामानको मूल्य कायम गराई नराखेको जस्ता व्यहोरा देखिएकोले कानुनको परीपालना गरी आन्तरिक नियन्त्रण सवल वनाउनु पर्दछ ।

३. **लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा प्रगति समिक्षा गर्नुपर्ने र तोकिएको समयमा तोकिएको प्रगति हासिल नगर्नेलाई कारबाही गर्न सकिने व्यवस्था छ । कार्यालयले १ सडक पुल २५ प्रतिशत सम्म,झोलुंगेपुल २,निर्वाचन क्षेत्र कार्यक्रम २ र दलित कार्यक्रम तर्फ ८ योजनामा ५० प्रतिशत सम्म मात्र प्रगति गरेको देखाएको छ । न्यून प्रगति हासिल गरेको सम्वन्धमा समिक्षा गरी लक्ष्य अनुसार प्रगति हासिल गर्न लगाउनु पर्दछ ।

४. **वढी भुक्तानी** : सामाजिक सुरक्षा भत्ता निर्देशिका वमोजिम उक्त भत्ता पाउनेको नामावली वमोजिमको मुल लगत अनुसार भत्ता वितरण गर्नु पर्ने उल्लेख छ । विभिन्न ७ गाउँ विकास समितिलाइ दिएको सामाजिक सुरक्षा पेश्की फछ्र्यौट गरेकोमा मुल लगतमा उल्लेखित संख्या भन्दा वढी संख्यालाइ उक्त भत्ता वितरण गरेको देखाई रु.४,४०,४००।- वढी भुक्तानी गरेको छ । उक्त रकम भुक्तानी दिने वाट असुल हुनु पर्दछ ।

५. **भुक्तानीमा कर** : आयकर ऐन, २०५८ वमोजिम कार्यालयले विभिन्न भौचरबाट गरेको भुक्तानीमा नियमानुसार कर कट्टी नगरेकाले ५६०४९।- असुल गरि राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

६. **बेरितको कर वीजक** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा स्वीकृत ढाँचामा कर वीजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वीजक नम्बर नखुलेको, सच्याएको तथा हातले लेखेको जस्ता कैफियत देखिएका ५ फर्मबाट जारी कर वीजकको आधारमा मूल्य अभिवृदि कर रु.७०८७८१।६४ कर भुक्तानी दिएको छ ।उक्त रकम दाखिला हुन पर्दछ ।

७. **गैह्र सरकारी संस्था छनौट** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७० मा गैर सरकारी संस्थाबाट काम गराउँदा मौजुदा सूँचीमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तिमा १५ दिनको सूचना गरी नियम २३ (३.६) अनुसार योग्य परामर्शदाता स्वीकृत गर्नुपर्ने व्यवस्था छ । झोलुङ्गेपुल निर्माणको परामर्श कार्यका लागि कार्यालयले सार्वजनिक सूचना प्रवाह नगरी विगतकै परामर्शदातालाई नविकरण गरी कुल लागत रकमको ६ प्रतिशतका दरले रु.६,१५,०५७- भुक्तानी खर्च लेखेको नियमित देखिएन । नियमको पालना गर्नु पर्दछ ।

८. **आनुपातिक कट्टी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(ढ) अनुसार उपभोक्ता समिति मार्फत् सञ्चालित योजनाहरुमा सम्झौता अनुसारको योगदानभन्दा कम काम भएमा कार्यालयले दिने रकममा समेत आनुपातिक हिसावबाट कट्टा गरेको भुक्तानी दिनुपर्ने व्यवस्था छ । यो बर्ष कार्यालयले १ झोलुङगे पुल उपभोक्ता समितिले भुक्तानी दिँदा अनुपातिक कट्टी नगरी रु.१४३६५।-वढी भुक्तानी दिएको रकम असुल उपर गर्न पर्दछ ।

९. **संझौतामा ढीलाई** : संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको च.नं. ११९ मिति २०७२।६।१ को आ.व. २०७२।७३ को खर्च गर्ने अख्तियारी पत्र अनुसार स्वीकृत कार्यकमको ठेक्का पट्टा सम्झौता मंसिर मसान्तसम्ममा सम्पन्न गरिसक्नु पर्ने, फागुनसम्म ५० प्रतिशत कार्यसम्पन्न गरिसक्नु पर्ने उल्लेख छ । त्यस्तै फागुनसम्ममा ५० प्रतिशत कार्यसम्पन्न नगर्ने योजनाको रकम फिर्ता गर्नुपर्ने उल्लेख छ । तर कार्यालयले २७ कार्यकमको रु.५० लाख ५० हजारको सम्झौता मंसिर पछि गरेको छ । सो मध्ये १५ वटा कार्यकमको ३३ लाखको फागुनसम्म कार्यकम सुरु गरेको पाइएन । मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु पर्दछ ।

१०. **सोझै खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले पाइप खरिद गर्दा प्रतिस्पर्धा बेगर सुचिकृत आपूर्तिकर्ताबाट पटक पटक गरीरु.११,७९,०००।- को सामान सिधै खरिद गरेको नियमित देखिएन ।

११. **कन्टिन्जेन्सी** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधिको वुँदा नं. १४(१) अनुसार कन्टिन्जेन्सी वापत खर्चगर्दा कुलपूँजीगत खर्चको अनुपातमा गर्नुपर्ने व्यवस्था छ । आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडक कार्यक्रमवाट पूँजीगत खर्च रु.३,७३,६०,१९७-को ३ प्रतिशतले रु.११,२०,८०५।९१ मात्र खर्च हुनु पर्नेमा रु.११,४०,३८०।- खर्च भएकोले बढी खर्च भएको रकम रु.१९,५७४।०९ अनियमित देखिएको छ ।

१२. **जनसहभागिता** : निर्वाचन क्षेत्र विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०५८ को नियम ३ को उपनियम (६) (ग) मा संविधान सभा सदस्यले छनौट गरेका कार्यक्रममा कम्तिमा २० प्रतिशत जनसहभागिता हुनुपर्ने व्यवस्था छ ।विभिन्न २ योजनामा घटी जनसहभागिता भएको कारण बढी भुक्तानी हुन गएको रु.२५०००।- रकम असुल गर्नु पर्दछ ।

१३. **आन्तरिक लेखापरीक्षण प्रतिवेदन** : स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धि नियमावली २०६४ को नियम ५८ मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजूहरु लेखापरीक्षण हुनु अगावै असूल फछ्र्यौट गरी स्रेस्ता अद्यावधिक गरिराख्नुपर्नेमा लेखापरीक्षणको अवधिसम्म पनि फछ्र्यौट नगरेकोले विभिन्न २१ दफा वमोजिम कर कट्टी नगरेको, भर्पाइ भन्दा वढी खर्च लेखेको, वढी भुक्तानी दिएको, दररेट भन्दा वढी डोजर भाडा दिएको समेत नपाउने भुक्तानी दिएको रु.२७१०२५।- असुल गर्नुपर्ने र नियमको प्रकृया नपुर्‍याई खर्च लेखेको दफा संख्या ६ वमोजिम रु.९६६७७२।- अनियमित देखिएको

छ। नियमावलीको पालना गरी आन्तरिक लेखापरीक्षणवाट औल्याइएको वेरुजु असुल फछ्र्यौट गर्नु पर्दछ।

१४. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ (३) अनुसार निर्दिष्ट कामको लागि लिएको पेश्की तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पर्दछ। विभिन्न १३ निर्माण व्यावसायी, उपभोक्ता समिति एवं गाउँ विकास समितिको नाउमा बाँकी पेश्की रु.९६,६८,५००।-नियमानुसार फछ्र्यौट भएको नदेखिदा नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

**कोष तर्फ**

१५. **आन्तरिक आय** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५, २१६, २१७ र २१८ मा व्यवस्था अनुसार समितिले यो वर्ष कर, दस्तुर, सेवा शुल्क, बिक्रीबाट रु.२,६६,६९,०१९।- आम्दानी गरेको छ। उक्त रकम सोहि ऐनको दफा २१५(३) वमोजिम सम्बन्धित गाउँ विकास समिति र नगरपालिकालाई वाँडफाँड गर्नुपर्नेमा सो गरेको देखिएन। ऐनको व्यवस्था कार्यान्वयन हुनु पर्दछ।

१६. **परिमाण नियन्त्रण** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१८ मा जिल्ला विकास समितिले आफ्नो क्षेत्रभित्रका नदी, नालाको बालुवा, गिट्टी, आदि तोकिएबमोजिम बिक्री गर्न सक्ने व्यवस्था छ। यस वर्ष कार्यालयले परिमाण नियन्त्रण नगरी ढुँगा, बालुवा, गिट्टी, ग्राभेल आदिको २० ठेक्का लगाएको छ।वातावरण संरक्षण ऐन, २०५३ को दफा ३ मा तोकिएका विषय सम्बन्धी प्रस्तावको कार्यान्वयनपूर्व प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने व्यवस्था छ। व्यवस्थापिका संसदको प्राकृतिक स्रोत र साधन समितिको अध्ययन प्रतिवेदन, २०६६ तथा सर्वोच्च अदालतबाट २०६७।४।२१ मा ढुंगा, गिट्टी, बालुवा झिक्न दिँदा वातावरणीय सन्तुलन नबिग्रने गरी निश्चित परिमाण र क्षेत्र तोकी ठेक्का व्यवस्थापन गर्ने आदेश भएको छ।ठेक्का सम्झौतामा परिमाण एकिन गरेको भए तापनि परिमाण नियन्त्रणको अभिलेख तथा संयन्त्रको अभावमा तोकिएको परिमाण मात्र ढुंगा, गिटी, बालुवा झिकिएको छ भनी एकिन गर्न सकिने अवस्था रहेन।साथै कार्यालयले प्रारम्भिक वातावरणीय परिक्षणले तोकेको भन्दा १३६५५.३६ घन मिटर वढी उत्खनन गर्न आदेश दिएको समेत देखिन्छ।कार्यालयले ऐन अनुसार निकासी परिमाण नियन्त्रण गरेर मात्र प्राकृतिक स्रोत बिक्रीको व्यवस्था मिलाउनु पर्दछ।

१७. **ऋण फिर्ता** : साविक स्थानीय विकास कोषबाट विभिन्न १५ गा.वि.स. मा लगानी गरेको ऋण रकम मध्ये हालसम्म ३ वटा गा.वि.स.बाट रु.८६४५१८।- असुल हुन बाँकी रहेको छ। असुल हुन बाँकी साँवा व्याज असुल उपर गर्नुपर्दछ।

१८. **ठूला उपकरणको प्रयोग** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा २५ (१८) मा श्रममूलक प्रविधिबाट कार्य गराउने सम्झौता गरी मेशिनरी उपकरणको प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्तसँग भएको सम्झौता रद्द गरी उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकम मूल्याङ्कन गरी बढी भएको रकम सरकारी बाँकी सरह असूल उपर गर्नुपर्ने व्यवस्था छ। जिल्ला विकास समितिले यो वर्ष उपभोक्ता समिति मार्फत काम गराई भुक्तानी गरेकोमा अधिकांश योजनाहरुमा ठूला मेशिनबाट काम गराएको देखिन्छ। त्यस्तै गरी ठूला मेसिन प्रयोग गर्दा इन्धन खपतको नर्म्स वेगर नै प्रति घण्टा ८ लिटर देखि ६६.२३ लिटर सम्म इन्धन खर्च लेखेको छ। स्वीकृत नर्म्सका आधारमा मात्र इन्धन खर्च दिने व्यवस्था गर्नुपर्ने देखिन्छ। श्रममूलक कार्यमा ठूला उपकरण प्रयोग गर्दा वातावरणमा पर्नसक्ने नकारात्मक प्रभाव एवं वढी खर्च तर्फ ध्यान पुऱ्याएको देखिएन। अतः निर्देशिकाले निर्देशित गरेको व्यहोरा कार्यान्वयन गर्नुपर्दछ।

१९. **कन्टिन्जेन्सी** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा १४ मा लगानीको समष्टिगत रकमबाट बढीमा ३ प्रतिशतसम्मकन्टिन्जेन्सी खर्च सम्बन्धी कार्ययोजना स्थानीय निकायको परिषद्बाट स्वीकृत गराई खर्च गर्न सकिने व्यवस्था छ । कार्यालयले यस वर्ष विभिन्न कार्यक्रमवाट कट्टा गरेको कन्टिन्जेन्सी रु.६४,५५,०६२।- रकमको तोकिएको अनुसूचीको ढाँचामा खाता नराखी सम्बन्धित वजेट शीर्षकबाट नै खर्च लेख्ने गरेको पाइयो । साथै कार्यालयले विभिन्न बजेट शीर्षकहरुमा नियमले तोकेको ३ प्रतिसत भन्दा वढी रु.१,१४,३८६।- कन्टिन्जेन्सी खर्च असुल गर्नु पर्छ ।

२०. **मेशिन भाडा** : जिल्ला दररेट अनुसार मेशिनको क्षमता अनुसार रु.२३५०।- देखि २,७००।- सम्म प्रतिघण्टा मेशिन भाडामा दिन सकिने व्यवस्था छ । एक ग्रामिण सडक उपभोक्ता समितिलाई रु.१,००,०००।- भुक्तानी गर्दा जे सि वि मेशिन १८ घण्टा प्रयोग गरे वापत । क्षमता नखुलेकोले न्युनतम प्रतिघण्टा रु.२,३५०।- दरले दिनुपर्नेमा रु.४,०००।- दिएकोले १८ घण्टाको रु.१,६५०।- ले बढी भुक्तानी भएको रु.२९७००।- असूल गर्नु पर्दछ ।

२१. **नापी किताबमा नचढेको** : नियमानुसार निर्माण सम्पन्न भएको कामको विवरण नापी किताबमा अभिलेख राखेर मात्र भुक्तानी गर्नुपर्नेमा एक ग्रामीण सडक उपभोक्ता समिति, लाई रु.१,२५,०००।०० भुक्तानी गरेकोमा रु.१,५१,२३६।- को मूल्याङ्कन भएको छ । उक्त मूल्याङ्कन मध्ये कडामाटो३८३.०५ को रु.१०१।७० ले रु.३८,९५६।- र नरममाटो १६.३५ को रु.२८२.५० ले रु.४,६१९।- समेत रु.४३,५७५।- नापी किताबमा अभिलेख राखेको पाइएन । अतः उपभोक्ताको सहभागीता १७.३४ प्रतिशतले हुने रु.७,५६०।- कटाएर बाँकी रु.३६,०१९।- असूल गर्नु पर्दछ ।

२२. **वढी भुक्तानी** : एक सामुदायिक भवन निर्माण समितिले पेश गरेको उपभोक्ता विलमा कूल मूल्याङ्कन रु.१,२१,९००।०० मध्ये जनसहभागीताबाट व्यहोर्ने रु.२४,८५५।- उल्लेख भएको छ । मूल्याङ्कन भएको मध्ये उपभोक्ताको अंश रु.२४,८५५।- घटाएर रु. ९७,०४४।- मात्र भुक्तानी गर्नुपर्नेमा रु.१,००,०००।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु २९५६।-र एक कर्मचारीको पेश्की फछ्र्यौट गर्दा उपस्थित भन्दा वढी १ जनालाइ वैठक भत्ता रु ८५०।- समेत असूल गर्नु पर्दछ ।

२३. **भुक्तानीमा कर** : आयकर ऐन २०५८ वमोजिमभुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्नेमा नगरेकोले रु.८४९७।६८ असूल गर्नु पर्दछ ।

२४. **योजना अधुरो** : एक पर्यटन विकास समितिलाई हनिबल ट्रेक पर्यटन पूर्वाधार विकास कार्य ०७३।३।२५ सम्ममा सम्पन्न गर्ने गरी रु.१०,७४,७३१।०० मध्ये रु.७४,७३१।०० को जनसहभागिता जुटाई कार्य गर्ने गरी सम्झौता भएकोमा उक्त योजना रु.५,८५,२८६।०० को मूल्याङ्कन गराई रु.५,००,०००।०० भुक्तानी गरेको छ । योजना सम्झौता पश्चात सहज किसिमका कामहरु मात्र गर्ने र योजना सम्पन्न नगर्ने उपभोक्ता समितिको अभिलेख राखी त्यस्ता उपभोक्ता मार्फत काम गराउने परीपाटीका अन्त्य गर्नु पर्दछ ।

२५. **प्रशासनिक खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा एक करोड भन्दा वढी आम्दानी हुने जिल्ला विकास समितिले पच्चीस प्रतिशत भन्दा बढि रकम प्रशासनिक कामको लागि खर्च गर्न नपाइने व्यवस्था छ । कार्यालयले यो वर्ष आन्तरिक आय रु २,६६,६९,०१९।- गरेकोमा सो अनुसार रु.६६,६७,२५४।७५खर्च गर्न सकिनेमा रु १,०४,८५,२१०।२९ खर्च गरि सीमाभन्दा रु.३८,१७,९५९।५४ बढी खर्च गरेकोले नियमको पालना गरेको देखिएन ।

२६. **कर वीजक :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ (१) मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिए बमोजिमको अवस्थामा बाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई वीजक दिनुपर्ने व्यवस्था छ । कार्यालयले निम्न १५ फर्मलाई वस्तु वा सेवा खरिद बापत रु.७८,५४४।९७ मूल्य अभिवृद्धि कर भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर बीजक लिएको देखिएन । मूल्य अभिवृद्धि कर बीजक बेगर भुक्तानी गरेको कर रकम असुल गर्नु पर्दछ ।

२७. **स्थायी लेखा नम्बर** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७१ मा स्थानीय निकायले रु. ५ हजारभन्दा बढीको खरिद कार्य गर्दा मूल्य अद्विवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रु.५ हजारभन्दा बढीको ४ फर्मबाट रु.५८०००।०० मूल्यको सामान खरिद गरेको नियमित देखिएन ।

२८. **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावलीको नियम २०(३) लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिभित्र सम्पन्न गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ठेक्का व्यवस्थापन गरेको ७ ठेक्का मध्ये दोश्रो चौमासिकमा ३ र तेश्रो चौमासिकमा ३ रहेका छन् । तोकिएको अवधिभित्र ठेक्का व्यवस्थापन नहुँदा कार्यप्रगतिमा असर भई तोकिएको समयमा योजना सम्पन्न गर्न कठिन हुने भएकोले नियमको परिपालनामा ध्यान दिनुपर्दछ ।

२९. **लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन र प्रगति समिक्षा गर्नुपर्ने र तोकिएको समयमा तोकिएको प्रगति हासिल नगर्नेलाई कारबाही गर्न सकिने व्यवस्था छ । कार्यालयले सडक वोर्ड तर्फका पुरै ५ कार्यक्रममा र भारतीय दुतावास कल्याणकारी योजनाको ५ मध्ये १ कार्यक्रममा ५० प्रतिशत सम्ममात्र प्रगति भई न्यून प्रगति हासिल गरेको सम्वन्धमा समिक्षा गरी आवस्यक कारवाही गरेको देखिएन ।

३०. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ (३) अनुसार निर्दिष्ट कामको लागि लिएको पेश्की तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पर्दछ । कार्यालयले विभिन्न ३ कार्यक्रमवाट सडक, सिंचाइ र भवन निर्माण कामको लागि विभिन्न५ संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट गरेको नदेखिँदा नियमानुसार रु.१०,१३,५२५।०० पेश्की असुल फछ्र्यौट गर्नुपर्दछ ।

३१. **आन्तरिक लेखापरीक्षण प्रतिवेदन** : स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धि नियमावली २०६४ को नियम ५८ मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजूहरु लेखापरीक्षण हुनु अगावै असूल फछ्र्यौट गरी स्रेस्ता अद्यावधिक गरिराख्नुपर्नेमालेखा परीक्षण अवधीसम्म पनि फछ्र्यौट नगरेकोले लेखापरीक्षणबाट यकिन गरीकर कट्टा नगरेको ३ दफाको रु.१३२२८।-,वढी भुक्तानी दिएको ३ दफाको रु.१३८५३९।- समेत रु.१५२५१७।- असूल गरी दाखिला गर्नुपर्दछ । त्यसै गरी नियमको प्रकृया नपुर्‍याई खर्च लेखेको दफा संख्या ७ को रु १५१४२५५।- अनियमित देखिएको समेत अन्य सैद्धान्तिक व्यहोरा नियमित गर्नु पर्दछ ।

३२. **स्थानीय निकायको लेखापरीक्षण :** स्थानीय स्वायत शासन ऐन २०५५ को दफा ६९ र १३५ बमोजिम लेखापरीक्षण गर्नुपर्ने ४ नगरपालिका ५३ गाउँ विकास समिति मध्ये ४ नगरपालिका ५३ गाउँ विकास समितिको लागि लेखापरीक्षक नियुक्त भइसकेको देखिन्छ । लेखापरीक्षक नियुक्त भएका मध्ये २ नगरपालिका १ गाउँ विकास समितिको लेखापरीक्षण प्रतिवेदन प्राप्त भइसकेको छ । ५३ गाउँ विकास समितिको लेखापरीक्षण गर्न ०७३ पौष देखि ०७४ आषाढसम्मको समय दिएको पाइयो । नगरपालिकाको लेखापरीक्षणबाट २ निकायको आर्थिक कारोवार रु.१९करोड ८

लाख७४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । गाउँ विकास समितिको लेखापरीक्षणबाट १ निकायको आर्थिक कारोवार रु.५४ लाख३९ हजार को लेखापरीक्षण सम्पन्न भएको छ । १ नगरपालिकाको कूल लेखापरीक्षण अंक रु.९करोड ६९ लाख९८ हजार मा असूल गर्नुपर्ने रु.१३ हजार, बेरुजू कायम भएको छ । नगरपालिका र गाउँ विकास समितिको लेखापरीक्षक नियुक्त गर्ने मापदण्ड स्वीकृत गरेको छ सो मापदण्डमा लेखापरीक्षण सम्पन्न गर्नुपर्ने समय सीमा उल्लेख गरेको पाइएन ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको,जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भएका चालु अवस्थामा नरहेका समान मर्मत र लिलाम नगरेको, खरिद इकाइ गटन नगरेको, कार्यालयको कामसँग सम्बन्धित सम्भावित जोखिमहरु पहिचान गर्ने, तिनको विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तयार नगरेको, । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **तेस्रो चौमासिक तथा आषाढको खर्च** : अर्थ मन्त्रालयले खर्चगर्ने अख्तियारी दिदा तेस्रो चौमासिक र आषाढमा गर्ने खर्चको सीमासमेत तोकेको छ ।कार्यालयबाट प्राप्त विवरणअनुसार विभिन्न ५उपशीर्षकमा भएको खर्चमध्ये तेस्रो चौमासिकमा ३४.७७ देखि १०० प्रतिशत खर्च भएको र आषाढमा खर्च कुल खर्चको ०.७५ देखि १०० प्रतिशत भएको देखिन्छ। उल्लेखित खर्चको अनुपात हेर्दा तोकिएको सीमाभन्दा बढी हुने गरी आर्थिक वर्षको अन्त्यमा खर्च भएको छ । यसरी आर्थिक वर्षको अन्त्यमा मात्र खर्च गर्दा काममा गुणस्तर कायम नहुने र निर्मित संरचना दिगोसमेत नहुने भएकाले स्वीकृत कार्यक्रमअनुसार खर्च गर्न व्यवस्था गर्नुपर्ने देखिन्छ ।

३. **अनुगमन** : दुई उच्च माध्यमिक विद्यालयलाई सामुदायिक विद्यालय क्षमता अभिवृद्धि कार्यक्रमवाट प्राविधिक शिक्षा संचालनको लागि रु.४९१४६६७-एक नयाँ प्राविधिक धार नयाँ संचालनको लागि रु.१५,००,०००।- समेत रु.६४,१४,६६७- निकासा दिएको छ । कार्यालयले विद्यालयलाई रकम निकासा दिंदा कार्यक्रममा उल्लेखभए बमोजिमको प्रयोजनमा खर्च गर्न निर्देशन दिएकोमा र सो बमोजिम खर्च भए नभएको, उपलब्धी हासिल भए नभएको सम्वन्धमा अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन लिने गरेको देखिएन । अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन दिनु पर्दछ ।

४. **निःशुल्क पाठ्यपुस्तक** : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।७३ अनुसार विद्यालयलाई पाठ्यपुस्तक वापतको अनुदान सहयोग उपलब्ध गराउँदा जनक शिक्षा सामाग्री केन्द्रको स्वीकृत मूल्य सूचिको आधारमा दिनुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष विद्यालयहरुलाई दररेट भन्दा फरक हुने गरी भुक्तानी गरेको देखिएको छ जनक शिक्षा सामाग्री केन्द्रको स्वीकृत दररेट अनुसार रु.१,६०,६२,६५४।०० मात्र निकासा दिनुपर्नेमाबढी दरमा हिसाब गरी रु.१,७६,७६,९५५।०० पाठ्यपुस्तक वापत निकासा दिएकोले रु.१६,१४,३००।०० थप व्ययभार पर्न गएको छ। उक्त रकम अशुल हुनुपर्दछ ।

५. **कार्यसम्पन्न प्रतिवेदन** : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।७३को बुँदा २.३ भौतिक सुविधा विस्तारमा विद्यालयहरुलाई रकम निकासा दिने सम्वन्धमा पहिलो किस्ताको रुपमा विद्यालयले कार्य शुरु गरी सम्झौता गरेको १५ दिन भित्र कूल अनुदानको ३० प्रतिशत, दोस्रो किस्ता पहिलो किस्ताको कार्य मूल्याङ्कन गरी कूल अनुदानको ५० प्रतिशत र कार्य सम्पन्न गरी अन्तिम किस्ताको

रुपमा नापी किताव अद्यावधिक गरी २० प्रतिशत निकासा दिने तर कार्यसम्पन्न नगर्ने विद्यालयलाई अन्तिम किस्ता वापतको रकम निकासा नदिने र सो वमोजिमको प्रक्रिया पुरा नगर्ने सम्वन्धित विद्यालय र जि.शि.का.का सम्वन्धित पदाधिकारी माथि कारवाही हुने व्यवस्था छ । कार्यालयले यो वर्ष ४५४ विद्यालयमा भौतिक सुधार कार्य वापत रु.२८,४८,००,०००।००  निकासा दिएकोमा रु.१०,२५,५०,०००।०० को कार्य सम्पन्न भएको छ । बाँकी १८,२२,५०,०००।०० को कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्दछ ।सो वाहेक सरकारी पूँजिगत अनुदान अन्तर्गत शिक्षा मन्त्रालयबाट २९ विद्यालयलाई भवन निर्माण गर्न रु.२,६३,००,०००।०० सम्बन्धित विद्यालयको खातामा रकम जम्मा गरेको छ । सो को सुपरभिजन अनुगमन गर्ने कार्य जिल्ला शिक्षा कार्यालयबाट भैरहेकोमा हालसम्म कार्य सम्पन्न गरी प्रतिवेदन पेश भएको छैन । नियमानुसार कार्यसम्पन्न पेश गर्नु पर्दछ ।

६. **भुक्तानीमा कर** : कार्यालयले २४ वटा केन्द्रका स्रोत व्यक्ति को पेश्की फछ्र्यौट गर्दा पारिश्रमिक कर रु.६,४८०।०० र अग्रिम आयकर रु.८३५३।०० समेत रु.१४८३२।०० कट्टी नगरेकोले असूल गर्नुपर्दछ ।

७. **स्थलगत निरीक्षण** : जिल्ल शिक्षा कार्यालयका पदाधिकारी सहित ३ विद्यालयको भवन निर्माणको स्थलगत निरिक्षण गरियो । एक विद्यालयले भवन निर्माणको कार्यसम्पन्न गरेको भएता पनि संभ्कौता अनुसार ४ कोठे हुनु पर्नेमा कोठा पार्टेशन नगरी ठूला २ कोठे भवन तयार गरेको, अन्य २ विद्यालयले २०७३ आषाढ मसान्तमा सम्पन्न गर्ने सम्झौता गरेको विद्यालय भवन क्रमश करिव ७५ र ८० प्रतिशत मात्र कार्य सम्पन्न गरेको देखियो । संझौता वमोजिमको डिजाइन र समय भित्र कार्य सम्पन्न हुन पर्दछ ।

८. **संपरीक्षणबाट कायम  व्यहोरा** : २०६७।६८  को बेरुजू दफा न ७ को सरस्वती प्रा वि मनकामनाको नाममा रहेको रु.२,००,०००।०० पेश्की फछ्र्यौट गरेकोमा रु.१,१०,०००।०० को कार्यसम्पन्न प्रतिवेदन र रु.८५१९३।०० बेरुजू दाखिला गरेकोले नपुग रु.४८०७।०० असूल गर्नुपर्दछ ।

## जिल्ला स्वास्थ्य कार्यालय

१. **रकमान्तर** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३८ मा रकमान्तर गर्न सकिने व्यवस्था छ । कार्यालयले आषाढ महिनाको तलब खर्च लेख्दा महङ्गगी भता वापत कर्मचारलिाई दिइने रकम रु.२,७७,०००।०० स्थानीय भत्ताबाट रकमान्तर वेगर खर्च  लेखेको छ ।नियमको पालना गर्नु पर्दछ ।

२. **लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायबाट प्राप्त चौमासिक प्रगति विवरणको समीक्षा गरी तालुक कार्यालयको प्रमुखले बजेट तथा कार्यक्रम अनुसार प्रगति भए नभएको र बाधा अड्काउ परेको भए सो फुकाइदिने र केही निर्देशन दिनुपर्ने भए सो समेत दिने लगायतका व्यहोराहरु उल्लेख छ । कार्यालयले उपलव्ध गराएको प्रगति विवरण अनुसार ८६ कार्यक्रम मध्ये ७ कार्यक्रममा शुन्य प्रतिशत, १ कार्यक्रममा २५ प्रतिशत सम्म, र ५ कार्यक्रम ५० प्रतिशत सम्म बार्षिक प्रगति भएको देखिन्छ । कार्यालयले तोकिएका कार्यक्रम सम्पन्न गर्न प्रयत्न गर्नु पर्दछ ।

३. **दरबन्दी रिक्त** : स्वास्थ्य सेवा ऐन २०५३ को दफा ८ मा पदपुर्ति गरिने व्यवस्था उल्लेख छ । कार्यालय र सो अन्तर्गत स्वास्थ्य संस्थामा विभिन्न कार्य सम्पादनका लागि जिल्ला स्वास्थ्य कार्यालय तर्फ ४६५ स्विकृत दरवन्दी रहेकोमा आ.ब. को अन्त्य सम्ममा २९९ जना पदपुर्ति भई ३ जना फाजिलमा रहेको र १६९ पद   रिक्त रहेको देखिन्छ । यसरी जन सम्पर्क रहने कार्यालयमा कर्मचारी

लामो समय सम्म रिक्त रहँदा सेवा प्रवाहमा नकरात्मक असर पर्न सक्ने देखिएकोले पदपुर्ति गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४. **तलवी प्रतिवेदन** : निजामती सेवा ऐन २०४९ को दफा ७ (ख) २ अनुसार जिल्ला स्थित सरकारी कार्यालयहरुले तलब खर्च लेख्दा तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नु पर्ने व्यवस्था छ । यस वर्ष रु.८,४३,४५,४३३।- तलब भत्ता खर्च लेखेको र को.ले.नि.का.ले कैफियत जनाई ७ जना कर्मचारीको तलबी प्रतिवेदन पारित गरेको पाइएन । तसर्थ निजामती सेवा ऐनले गरेको व्यवस्था अनुसार तलबी प्रतिवेदन पारित गरेर मात्र खर्च लेख्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५. **घर जग्गाको लगत** : आथिक कार्यविधि नियमावली २०६४ को नियम ५४ (१) बमोजिको कार्यालयले कार्यालय बसेको घर जग्गाको लगत राख्नुपर्ने व्यवस्था छ । कार्यालय र सो अन्तर्गत रहेका केही स्वास्थ्य संस्थाको मात्र घर जग्गाको लगत राखे पनि सवै स्वास्थ्य संस्थाको लगत राखेको छैन । घर जग्गाको मूल्य एकीन गरेको पाइएन । अतः कार्यालय अन्तर्गतका सम्पुर्ण स्वास्थ्य संस्थाहरुको घर जग्गाको लगत अद्यावधिक गर्ने तथा भएका घर जग्गाको पनि मूल्य खुलाई जिन्सी खातामा लगत अद्यावधिक गरी राख्नु पर्ने देखिन्छ ।

६. **निरीक्षण र स्वीकृति** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ११५ (१) बमोजिम सार्वजनिक निकायले आपुर्ति गरिएका मालसामान संम्झौता उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गराउनु पर्ने व्यवस्था छ । खरिद सम्झौता बमोजिम खरिद भएका औषधि तथा सर्जिकल सामानहरु स्टोर दाखिला गर्नु पूर्व तोकिएको गुणस्तर लगायतका विषयमा जांच गरी समग्र व्यहोरा खोली निरिक्षण प्रतिवेदन गर्नुपर्नेमा सो तयार गर्ने गरेको पाइएन । मालसामानको अवस्था यकिन नहुने भएकाले निरीक्षण प्रतिवेदनको आधार दाखिला गर्ने व्यवस्था गर्नु पर्दछ ।

७. **निःशुल्क वितरण लोगो** : प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखाको कार्यक्रम निर्देशिका ०७२/०७३ बमोजिम कार्यालयले खरिद गरेका औषधि तथा सर्जिकल सामानहरुमा नेपाल सरकारको “नेपाल सरकारवाट निःशुल्क वितरणका लागि” भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ । त्यसै गरी सार्वजनिक लेखा समितिले म.ले.प.को ४७ औ प्रतिवेदनको निशुल्क औषधि वितरणको लोगोको व्यहोराका सम्वन्धमा सुझावलाई कडाईका साथ लागु गर्ने निर्णय समेत गरेको देखिन्छ । तसर्थ कार्यालयले खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधि तथा सर्जिकल सामानहरु सवै अनिवार्य रुपमा निःशुल्क वितरण लोगो लगाउनु जरुरी हुन्छ । यस कार्यालयबाट वितरण गरिने औषधिहरु प्यारा सिटामोल ५०० एम जि, क्यासियम ४ एम जि, जिङ्क २० एम जि, ओआरएस,हाइसीन १० एम जिसमेत मा निशुल्क वितरणको लागि भन्ने उल्लेख नगरी सप्लाई फर एम एफ एच उल्लेख गरेको देखिदा नियमको पालना गर्नु पर्दछ ।

८. **स्वास्थ्यभवन निर्माण** : एक स्वास्थ्य भवन २०७१ फागुन मसान्त सम्म कार्यसम्पन्न गर्ने गरी मू.अ.कर समेत रु.५४,२२,१३२।९४ को सम्झौता भएकोमा कार्यमूल्यांकनको अन्तिम बिल अनुसार हाल सम्म रु.५१,९५,०९२।- को कार्य सम्पन्न भएको छ । यस आर्थिक वर्षमा सो कार्यका लागि रु.२५ लाख भुक्तानी गएकोमा हालसम्म कार्यसम्पन्न प्रतिवेदन पेश नभएबाट स्वीकृत कार्यक्रम अनुसार खर्च भएको छ भन्न सक्ने आधार भएन ।

# जिल्ला प्राविधिक कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद गुरु योजना तयार नगरेको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, कार्यालयको कामसँग सम्बन्धित सम्भावित जोखिमहरु पहिचान गर्ने, तिनको विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तयार नगरेको, लेखापरीक्षणको लागि आवस्यक विवरण माग गरेकोमा अधिकांश विवरण उपलव्ध नगराएको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **कार्यक्रम तथा अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ (२) मा बजेट विवरण र खर्च गर्ने अख्तियारी पत्र प्राप्त भएको पन्ध्र दिनभित्र सम्बन्धित सचिवले विभागीय प्रमुखलाई र विभागीय प्रमुखले मातहत कार्यालय प्रमुखलाई कार्यालयगत बजेट विवरण, स्वीकृत कार्यक्रम र खर्च व्यहोर्ने स्रोत खोली बजेट खर्च गनें अख्तियारी पत्र पठाउनुपर्ने उल्लेख छ । विभिन्न ३ पूजिगत बजेट उपशीर्षक तथा कार्यक्रमको लागि २ करोड ६३ लाख ८० हजार थप अख्तियारी आर्थिक वर्षको अन्त्य आषाढमा पठाएको पाइयो । जुन शुरु अख्तियारी रकमको ३२ प्रतिशत सम्म रहेको छ । आ.ब.को अन्त्यमा बजेट थप निकासा दिनुको कारण खुलेको छैन । यसबाट खर्च व्यवस्थापनमा असर पर्दछ । नियममा तोकिए बमोजिम नै बजेट उपलब्ध गराउन मन्त्रालयले ध्यान दिनु पर्दछ ।

३. **चौमासिक खर्च** : कार्यालयले पुर्व स्वीकृत कार्यक्रम अनूसार योजना सञ्चालन गरी सो अनुसार बजेट खर्च गरिनु पर्दछ । कार्यालयबाट प्राप्त चौमासिक खर्च सम्बन्धी विवरण अनुसार तेस्रो चौमासिकमा ७६.८२ प्रतिशत र आषाढमा मात्र ४१.६४ प्रतिशत खर्च हुनुले आ.ब.को अन्त्यमा मात्र कार्य हुने र त्यसरी काम गर्दा अनुगमन तथा मुल्यांकन समेत कम भै कामको गुणस्तरमा असर पर्न सक्दछ । तसर्थ चौमासिक रुपमा कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

४. **लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायबाट प्राप्त चौमासिक प्रगति विवरणको समीक्षा गरी तालुक कार्यालयको प्रमुखले बजेट तथा कार्यक्रम अनुसार प्रगति भए नभएको र बाधा अड्काउ परेको भए सो फुकाइदिने र केही निर्देशन दिनुपर्ने भए सो समेत दिने लगायतका व्यहोराहरु उल्लेख छ। कार्यालयले उपलव्ध गराएको प्रगति विवरण अनुसारराङखोला विरुवा ग्रामीण सडक र वालिङ हुवास ग्रामीण सडक ५० प्रतिशत सम्म मात्र वार्षिक प्रगति देखाएको छ । वार्षिक लक्ष्य अनुसार कार्य सम्पन्न गराउन कार्यालयले प्रयत्न गरेको देखिएन ।

५. **कन्टिन्जेन्सी खर्च** : कार्यालयले यस वर्ष  निर्माण कार्य गर्दा कट्टा गरेको कन्टिन्जेन्सी रकमको तोकिएको अनुसूचिको ढाँचामा खाता नराखी सम्बन्धित शीर्षकबट नै खर्च लेख्ने गरेकोले के कति कन्टिन्जेन्सी रकम के कुन शीर्षकमा के कति अनुपातमा खर्च भयो सो यकिन हुन सकेन । तोकिएको ढाचामा खाता राखी निर्देशिकाले गरेको व्यवस्थालाई अबलम्बन गरी खर्च गर्न गराउने तर्फ  ध्यान दिनु पर्दछ ।

६. **पुराना सामानको मूल्य नखुलेको** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७.४ मा कार्यालयमा मौज्दात रहेका मालसामान मध्ये पुरानो मालसामानको मूल्य कारणवश खुल्न नसकेको अवस्थामा त्यस्तो मालसामानको अवस्था र प्रचलित बजार मूल्य समेत विचार गरी मूल्य कायम

गराई राख्नु पर्ने व्यवस्था छ। कार्यालयले मोटर साइकल ७ थान, फोटोकपी मेशिन, प्रिन्टर,फ्याक्स समेत समानको मुल्य नखुलाएको र ६ थान मोटर साइकल र १० थान प्रिन्टरको व्राण्ड समेत खुलाएको छैन ।

७. **लिलाम बिक्री** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५८.१  मा जिन्सी निरीक्षण प्रतिवेदनमा पुरानो भै काममा आउन नसक्ने टुटफुट भै बेकम्मा भएका र पुनः मर्मत नहुने भनी किटान भएका मालसामान कार्यालय प्रमुखले एक वर्षभित्र लिलाम बिक्री गर्नु पर्ने व्यवस्था छ ।कूल ३७ किसिमाका सामानहरु जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम गर्नंपर्ने,धुल्याउनुपर्ने भनी उल्लेख भएका छन् । ती  सामानहरु निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिमको व्यवस्थापन गरेको पाइएन ।

८. **दोहोरो भत्ता** : भ्रमण खर्च नियमावली २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधी भर फिल्ड भत्ता,बैठक भत्ता,तालिम भत्ता,स्थानीय भत्ता वा अन्य कुनै पनि किसिमको भत्ता नपाउने व्यवस्था छ। एक कर्मचारीलाई स्थानीय पूर्वाधार तथा कृषि सडक विभागको च.नं ३२ मिति २०७२।५।१४ को पत्रबाट तालिम अवधीभर दैनिक खाना खाजा वापत रु.७००।- र उपत्यका बाहिरका कर्मचारी भए होटल विल पेश गरेमा दैनिक रु.५००।- का दरले उपलब्ध गराउने उल्लेख भएको छ । निजलाई मिति २०७२।५।२४ देखि २०७२।६।२७ पुल्चोक ईञ्जिनियरिङ् क्याम्पस पुल्चोकमा संचालीत तालिममा सहभागी हुदाको समयको दैनिक भता रु.५७६००।- र गाडी भाडा रु.२६००।- समेत रु.६०२००।- भुक्तानी गरेको हुदा तालिम दिने संस्थाबाटै खर्च व्यहोरेको देखिएकोले दोहोरो भुक्तानी भएको दैनिक भत्ता रु.५७६००।-सम्बन्धितबाट असूल गर्नुपर्दछ ।

९. **आनुपातिक कट्टी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(ढ) अनुसार उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरुमा सम्झौताअनुसारको योगदानभन्दा कम काम भएमा कार्यालयले दिने  रकममा समेत आनुपातिक हिसाबबाट कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ ।यो वर्ष कार्यालयले ३ उपभोक्ता समितिहरुलाई खुद काम गरेको अनुपातभन्दा रु.२६७८२बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

१०. **अपर्याप्त वजेट विनियोजन** : शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट जिल्लाका विभिन्न विद्यालय, गाउ विकास समिति भवन, खानेपानी योजना   साथै अन्य केही कार्यको लागि विभिन्न शीर्षक अन्तर्गत विभिन्न कार्यक्रममा रु.६,८८,८५,००० विनियोजन भएकोमा रु.६,१८,२४,४६० निकासा तथा खर्च भएको छ  । छनौट भएका आयोजनाहरु धेरै जसो विगत देखि सञ्चालन भएको तर आयोजनाको लागि छुट्याएको रकम मध्ये  थोरै रकम मात्र प्रति वर्ष मा विनियोजन गर्ने गरेबाट आयोजना कहिले सकिने हो निश्चित छैन ।

११. **नापी किताव** : कूल बजेट निकासा भएपछि सोही अनुसारका कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा कतिपय योजनाको पूरै रकम आए तापनि सो अनुसार खर्च नभई रनिङ्ग विलको मूल्यांकनको  आधारमा भुक्तानी गरेको पाइयो ।तसर्थ कार्यक्रमको लागि छुट्याएको कूल रकमको लागत अनुमान गरेपछि सोही अनुसार नापी किताब तयार गर्नुपर्दछ ।

१२. **सर्भे रिपोर्ट** : सर्भे रिपोर्टको प्रयोजन १ वर्षभन्दा वढी रहने भएकोले उक्त रिर्पोट खर्च भएर नजाने जिन्सी दाखिला गर्नु पर्दछ। कार्यालयले  विभिन्न ५ सडक पुलको विभिन्न ५ परामर्शदातावाट सर्भे रिपोर्ट तयार गराइ रु.३१,४३,१११।- खर्च गरेकोमा ती रिपोर्टहरु खर्च भएर जाने जिन्सी खातामा

आम्दानी बाधेको पाइयो । ती रिपोर्ट खर्च भएर नजाने जिन्सी खातामा दाखिला गरी योजना कार्यान्वनमा उपयोग हुन पर्दछ ।

१३. **योजनागत लगत** : एक ग्रामिण सडक उपभोक्ता समितिलाई रु.१०,००,०००।००पेश्की दिदा गत वर्षसम्मको भुक्तानी रु.८,४३,८८७।०० उल्लेख गरे तापनि योजनागत खर्चको लगत किताब नराखेकोले विगतमा भुक्तानी भएको रकम यकिन हुन नसक्ने हुदा योजनागत लगत किताब राख्नुपर्ने व्यहोरा आन्तरिक लेखापरीक्षणमा समेत औल्याइएकोले योजनागत खर्चको लगत किताब पेश हुनुपर्दछ ।

१४. **वीमा** : एक निमार्ण व्यवसायीलाई प्रथम रनिङ्ग विलको रु.४,६६,२२९।०० भुक्तानी गर्दा विमा वापत रु.३,७२,५००।०० मूल्यांकन गरेकोमा रु.१,७८,१८४।०० को मात्र वीमा प्रिमियम तिरेको रसिद पेश भएकोले बढी रकम १,९४,३१६।०० असूल गर्नुपर्ने व्यहोरा आन्तरिक लेखापरीक्षण समेत बाट औल्याएकोमा लेखापरीक्षण अवधि सम्म पनि असुल नभएकोले असूल गर्नुपर्दछ ।

१५. **पेश्की बाँकी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) बमोजिम तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न ३ बजेट उपशिर्षकबाट विद्यालय,उपभोक्ता समिति, निर्माणसमिति समेतलाई दिएको पेश्की मध्ये रु.५४,२२,८४७।- लेखापरीक्षण अवधि सम्म फछ्र्यौट भएको देखिएन । बाँकी पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

१६. **स्थलगत निरीक्षण** : कार्यालयका पदाधिकारी सहित लेखापरीक्षण टोलीबाट राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रमबाट सञ्चालित एक ग्रामीण सडक योजनाको स्थलगत निरीक्षण गरियो । सम्झौता रकम रु.५,९८,३०,२७१।- भएको उक्त सडक खण्डको निर्माण २५ महिनाभित्र सम्पन्न गर्ने गरी मिति २०७१।२।१२ मा सम्झौतामा २०७३ चैत्र मसान्तसम्म म्याद थप भई २ महिना मात्र बाँकी रहेको अवस्थामा निर्माण कार्य अधुरो रहने देखिएको र साथै च्यानेज नं.१४+९०० मा बाटोमा पानी बाग्ने गरेको र चे.नं.१५+०५०मा पहिरो गएको देखिदा सडकलाई दिगो पार्न थप कार्य समेत गर्नुपर्ने देखियो ।

## सिंचाइ विकास डिभिजन

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले बर्ष भरिका क्रियाकलापहरु सञ्चालन गर्दा ऐन, नियममा व्यवस्था भएका खरीद गुरु योजना वनाएको छैन, डिभिजनको उद्देश्य प्राप्तिमा आइ पर्ने सम्भावित जोखिम पहिचान गरेको छैन,पुराना जिन्सी सामानको मूल्य नखुलाएको जस्ता व्यहोरा देखिएका छन् । ऐन नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **कार्यक्रम तथा अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ (२) मा बजेट विवरण र खर्च गर्ने अख्तियारी पत्र प्राप्त भएको पन्ध्र दिनभित्र सम्बन्धित सचिवले विभागीय प्रमुखलाई र विभागीय प्रमुखले मातहत कार्यालय प्रमुखलाई कार्यालयगत बजेट विवरण, स्वीकृत कार्यक्रम र खर्च व्यहोर्ने स्रोत खोली बजेट खर्च गर्ने अख्तियारी पत्र पठाउनुपर्ने उल्लेख छ । विभिन्न २ पूँजिगत बजेट उपशीर्षकमा जम्मा अख्तियारी रकम क्रमशः रु.१ करोड १८ लाख ७५ हजार र २ करोड ४२ लाख ५० हजारको क्रमश ४७ र २३ प्रतिशत थप अख्तियारी आषाढ महिनामा पठाएको पाइयो । यसबाट खर्च व्यवस्थापनमा असर पर्दछ । नियमले निर्दिष्ट गरेका व्यवस्थाको अबलम्बन गरी बजेट उपलब्ध गराउनु पर्दछ ।

३. **चौमासिक तथा आषाढको खर्च** : अर्थ मन्त्रालयले खर्चगर्ने अख्तियारी दिदा तेस्रो चौमासिक र आषाढमा गर्ने खर्चको सीमासमेत तोकेको छ ।आर्थिक वर्ष २०७२।७३ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार डिभिजनबाट गरिने निर्माण कार्य दोस्रो र तेस्रो चौमासिक अवधिमा सम्पादन गर्ने गरी स्वीकृत भएको देखिन्छ । कार्यालयबाट प्राप्त विवरणअनुसार विभिन्न ६ वजेट उपशीर्षकमा भएको खर्च रु.५ करोड ८९ हजार ९६ हजारमध्ये तेस्रो चौमासिकमा ३७.८० देखि १०० प्रतिशत खर्च भएको र आषाढमा खर्च कुल खर्चको ३५.८८ देखि १०० प्रतिशत भएको देखिन्छ। उल्लेखित खर्चको अनुपात हेर्दा तोकिएको सीमाभन्दा बढी हुने गरी आर्थिक वर्षको अन्त्यमा खर्च भएको छ। यसरी आर्थिक वर्षको अन्त्यमा मात्र खर्च गर्दा काममा गुणस्तर कायम नहुने र निर्मित संरचना दिगोसमेत नहुने भएकाले स्वीकृत कार्यक्रमअनुसार खर्च गर्न व्यवस्था गर्नुपर्ने देखिन्छ।

४. **लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायबाट प्राप्त चौमासिक प्रगति विवरणको समीक्षा गरी तालुक कार्यालयको प्रमुखले बजेट तथा कार्यक्रम अनुसार प्रगति भए नभएको र बाधा अड्काउ परेको भए सो फुकाइदिने र केही निर्देशन दिनुपर्ने भए सो समेत दिने लगायतका व्यहोराहरु उल्लेख छ। कार्यालयले उपलव्ध गराएको प्रगति विवरण अनुसारस्वीकृत ६५ कार्यक्रम मध्ये १० कार्यक्रममा शुन्य प्रगति, १ कार्यक्रममा २५ प्रतिशत,१ कार्यक्रममा ५० प्रतिशत र३९ कार्यक्रममा ७५ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ । बार्षिक स्वीकृत कार्यक्रम मध्येरु १ करोड ७१ लाख १० कार्यक्रममा कुनै प्रगति नहुदा पनि तालुक कार्यालयले प्रगति समिक्षा गरी कुनै निर्देशन दिएको समेत देखिएन ।बार्षिक कार्यक्रम समय सीमा भित्र सम्पन्न गर्ने गराउने तर्फ सम्बन्धित निकायले ध्यान दिनु पर्दछ।

५. **कार्यविवरण** : निजामती सेवा ऐन २०४९ को दफा ५क को उपदफा (१) मा नेपाल सरकारले स्वीकृत गरेको सङ्गठनको कार्यविवरणको आधारमा सम्बन्धित सचिव, विभागीय प्रमुख तथा कार्यालय प्रमुखले प्रत्येक निजामती पदको कार्यविवरण बनाई लागू गर्नुपर्ने र कार्यविवरणमा त्यस्तो पदको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार र योग्यतासमेत स्पष्ट रुपमा किटिएको हुनु उल्लेख छ । डिभिजन कार्यालयले कार्यरत कर्मचारीहरुलाई ऐनमा व्यवस्था भएअनुसारको कार्यविवरण दिएको पाइएन । स्पष्ट कार्यविवरणको अभावमा कर्मचारीको काम कर्तव्य र उत्तरदायित्व स्पष्ट नभइ सम्पादन गर्ने काममा कठिनाइ हुने हुँदा ऐनमा व्यवस्था भएअनुसार कार्यविवरण बनाई लागु गर्नु पर्दछ ।

६. **कन्टिन्जेन्सी खर्च** : अर्थ मन्त्रालयको कन्टिन्जेन्सी रकम खर्च गर्नबारेको पत्रानुसार५ प्रतिशत कन्टिन्जेन्सी वापतको रकममध्येवाट २ प्रतिशत रकम आवश्यकता अनुसार फर्निचर, सवारी इन्धन, मेशिनरी औजार, सफ्टवेयर निर्माण जस्ता पूँजी निर्माण तथा सम्पत्ति खरिद सम्वन्धी शीर्षकहरुमा अर्थ मन्त्रालयवाट सैद्धान्तिक सहमति लिइ अनिवार्य रुपमा खर्च गर्न मिति २०७०।१।१५ मा मन्त्रीस्तरीय निर्णय भएकोले सोहीअनुसार कार्यान्वयन गर्न गराउनु हुन भन्ने व्यहोरा उल्लेख छ। कार्यालयले यस वर्ष कन्टिन्जेन्सीवाट चालु प्रकृतिका काममा रु.२० लाख ८३ हजार खर्च गरेको छ। सरकारको निर्देशन तथा परिपत्रानुसार खर्च गर्नु पर्दछ।

७. **आइटम परिमाण** : नयाँ प्रविधिमा आधारित एक सिंचाइ आयोजना, निर्माणकोउपभोक्ता समितिसँग रु.१८,४८,०९३ को सम्झौता भई कार्यसम्पन्न भएको छ । कार्यसम्पन्न प्रतिबेदन परिक्षण गर्दा केहि आइटमहरुमा लागत अनुमान र सम्झौतामा भएको गर्नुपर्ने परिणाम भन्दा अस्वभाबिक रुपमा घटी, बढी काम गरेको देखिन्छ । स्टिल पार्टसको फेब्रिकेशन कार्य ४५ प्रतिसत वढी, रष्ट प्रीभेटेशन, हट डीप ग्यालभ्यानाइजेससन ४९ प्रतिशत सम्म बढीकार्य गरेको तर स्टिल डेक, जि आइ वायर, पिसिसि समेतका कार्य गरेको छैन । यसवाट आधारमा लागत अनुमान वास्तविक

रुपमा गरेको छ भनि विश्वस्त हुन सकिएन । काम थप घट गरेकोमा लागत अनुमान संशोधन समेत गरेको छ ।

८. **बोलपत्र प्रतिस्पर्धा** : कार्यालयबाट यस बर्ष देहाएका २ आयोजनाहरु ठेक्काका माध्ययमबाट कार्य गरिएकोमा ठेक्का प्रक्रिया एवं कार्यालयले उपलब्ध गराएका बोलपत्र सहभागिता र लागत कबोल अंक  परीक्षण गर्दा बोलपत्र बिक्रि संख्या १४ र १० भएकोमा दाखिला सख्या ३ र २ देखिएकोले विक्रीको तुलनमा दाखिला धेरै न्युन देखिनुका साथै एक संम्झौतामा लागत अनुमान ९०लाख ६९ हजारकै हाराहारी८९ लाख ३ हजारमा ठेक्का स्वीकृत भएको पाइयो । यसले प्रतिस्पर्धाको स्थिति न्यून भएको देखिन्छ ।

९. **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार मुल्य खुलाई आम्दानी वाध्ने तथा काम मा आउन नसक्ने सामान लिलाम विक्री गर्नु पर्ने व्यवस्था छ । जिन्सी निरिक्षण प्रतिवेदन अध्ययन गर्दा मुल्य नखुलाएको, मर्मत र लिलाम गर्नु पर्ने सामान नियमानुसार मर्मत र लिलाम गरेको देखिएन ।

१०. **पेश्की बाँकी** : आर्थिक कार्यविधि नियमावली २०६४ मा समयमा पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । चापाकोटटार सिचाई आयोजना निर्माण सम्झौता अनुसार निर्माण व्यवसायीलाइ दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म बाँकी रहेकोलेरु.१,०५,००,०००।०० नियमानुसार फछ्र्यौट हुनुपर्ने  साथै उक्त आयोजनाको सम्झौताको साधारण शर्त ५८.१ मा सम्झौता रकम रु.१०,०३,०१,००६।०० को १० प्रतिशतले हुने रु.१,००,३०,१००।०० मात्र पेश्की दिन सक्ने व्यवस्था भए तापनि रु.१,१२,००,०००।०० दिई रु.११,६९,९००।०० बढी पेश्की दिएको पाइयो । सो मध्ये पहिलो रनिङ्ग विलबाट रु.७,००,०००।०० कट्टा गरेकोले अझै सम्झौताभन्दा रु.४,६९,९००।०० बढी पेश्की दिई सम्झौता अनुरुप नगर्ने पदाधिकारीलाई सचेत गराउनु पर्दछ ।

११. **स्थलगत निरीक्षण** : डिभिजनका पदाधिकारी र लेखापरीक्षण टोलीले मिति २०७३।१०।२३ मा चापाकोट सिचाई योजनाको स्थलगत निरीक्षण कार्य गरियो । यस वर्ष सुरु भई रु.११,३३,४०,१३६।- को लागतमा मिति २०७५।२।१७ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको उक्त सिचाई आयोजनामा यस वर्ष २५ प्रतिशत कार्य गर्ने लक्ष्य राखिएकोमा ६.२३ प्रतिशत मात्र काम भएको छ । यो आयोजनाले पुरानो संरचना पुरै बदल्ने नभई निकै जिर्ण स्थानमा मात्र पुनर्स्थापना गर्ने लक्ष्य राखेकोले उक्त ठेक्का सम्झौता अनुसारको कार्य सम्पन्न गर्दा पनि आयोजना अधुरो नै रहन सक्ने अवस्था नआउने तर्फ सचेत हुनुपर्ने देखिन्छ ।

## मालपोत कार्यालय, स्याङ्गजा

१. **आन्तरिक नियन्त्रण प्रणाली** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ अनुसार कार्यालयले आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ ।लक्ष्य हासिल गर्न वाधा पुराउन सक्ने जोखिम पहिचान, विश्लेषण तथा आंकलन गर्ने र समाधानकालागि आवश्यक संयन्त्र वनाउने प्रणाली नभएको, खरिद इकाई गठन नगरेको,मौजुदा सूचि तयार नगरेको, कार्यालयले खर्च लेख्दा संलग्न बिल भर्पाइहरुमा कार्यालय प्रमुखले  सही गरी प्रमाणित नगरेको र भुक्तानी भएको भन्ने छाप नलगाएको, खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको छुट्टा छुट्टै मौजुदा सूची (स्टान्डिङ्ग लिष्ट) तयार नगरेको, । प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

## मालपोत कार्यालय, वालिङ्ग

१. **आन्तरिक नियन्त्रण प्रणाली** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ अनुसार कार्यालयले आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ लक्ष्य हासिल गर्न वाधा पुराउन सक्ने जोखिम पहिचान, विश्लेषण तथा आंकलन गर्ने र समाधानकालागि आवश्यक संयन्त्र वनाउने प्रणाली नभएको, खरिद इकाई गठन नगरेको,मौजुदा सूचि तयार नगरेको,कार्यालयले खर्च लेख्दा संलग्न बिल भर्पाइहरुमा कार्यालय प्रमुखले सही गरी प्रमाणित नगरेको र भुक्तानी भएको भन्ने छाप नलगाएको, खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको छुट्टा छुट्टै मौजुदा सूची (स्टान्डिङ्ग लिष्ट) तयार नगरेका । प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२. **पुँजिगत लाभकर** : आयकर ऐन २०५८ मा सम्पति विकी गर्दा भएको लाभमा पूँजिगत लाभकर तिर्नुपर्ने व्यवस्था छ । एक जग्गाधनीले विभिन्न्न कित्ताका जग्गाहरु बिकी गरी पूँजिगत लाभकर घोषणा फाराममा रु.५३,७३,०००।- देखाई सो मा लाग्ने २.५ प्रतिशतले रु १३४३२५।- तिरेकोमा रजिष्ट्रेसन नं २३ बाट रु.७,००,०००।- र रजिष्ट्रेसन नं १४७ बाट रु.१,२५,०००।- समेत रु.८,२५,०००।- को जग्गा बिकी रकम उक्त घोषण फाराममा समावेश नभएकोले सो मा लाग्ने ५ प्रतिशत पूँजिगत लाभकर रु.४१२५०।- असूल गरी दाखिला गर्नुपर्दछ ।

## तथ्याङ्क कार्यालय

१. **भवन निर्माण** : कार्यालय भवन निर्माणको लागि एकसंयुक्त उपक्रम संग मिति २०७३ असोज मसान्त भित्रमा निर्माण कार्यसम्पन्न गर्ने गरी मिति २०७१।१२।१७ मा ठेक्का सम्झौता भएको छ । कूल संझौता रु.१,८६,२८,४८२।८६ मध्ये पाचौ रनिङ विल सम्म रु.१,०६,२२,५८६।० भुक्तानी भएको छ । सम्झौताको म्याद सकिए तापनि म्याद थप नभएकोमा निर्माण कार्य पूरा भई कार्यालय सोही भवनमा सञ्चालन भैरहेको र बजेट प्राप्त नभएकोले निर्माण व्यवसायीलाई भुक्तानी गर्न नसकिएको कारण कार्य सम्पन्न हुन नसकेको कार्यालयको भनाइ रहेको छ । अतः बजेट व्यवस्था गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ अनुसार कार्यालयले आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ ।कार्यालयले कम्पुटर ६ थान , स्टिल दराज,टेवल कुर्सी लगायत कतिपय सामानको मुल्य खुलाइ नराखेको, भवन निर्माण तथा अन्य खरिद समेत रु.८८,७५,७४०।० खर्च लेखेकोमा बार्षिक खरिद योजना तयार नगरेको, विल टुक्रा पारी कर विजक वेगर एक स्टेशनरी बाट ४ पटक गरी रु.१९४३५ को खरिद गरेको र धरौटीको गोश्वारा खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक रुपमा तयार गरीराख्नु पर्नेमा पेश्की खातामा टिपोट गरिश्रेस्ता राखेको छ ।आन्तरिक नियन्त्रण प्रणाली सबल बनाउन सुधार गर्नु पर्ने देखिन्छ ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत ३६ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पन्न भएको छ। आन्तरिक लेखापरिक्षण प्रतिवेदनअनुसार २७ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ। यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका २८ मध्ये निम्न ४ कार्यालयको रु.२९९५६।- बेरुजू बाकी देखिएको छ। आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

| स न | कार्यालय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| १ | जिल्ला अदालत | २०४०२१४ | दोहोरो खाजा र पारिश्रमिक कर | **२८४५६।** |
| २ | घरेलु उद्योग विकास समिति | ३१७११२३ | पेश्कीको प्रयोजन नखुलेको,अनुगमन खर्च | सैद्धान्तिक |
| ३ | महिला तथा बालबालिका कार्यालय | ३४०८०२३ | भ्रमण खर्च बढी भुक्तानी | १५००। |
| ४ | जिल्ला हुलाक कार्यालय | कार्य संचालन कोष | धनादेश भुक्तानी कर्मचारीको नामबाट गर्ने गरेको | सैद्धान्तिक |
| | | | **जम्मा** | २९९५६।- |

**(गोबिन्द प्रसाद बराल)**
**नायब महालेखारीक्षक**

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

**लेखापरीक्षण विधिः विस्तृत** (रु लाखमा)

| क.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला विकास समितिको कार्यालय | - | - | - | १६७०९ | १६७०९ |
| २ | जिल्ला प्राविधिक कार्यालय | १३३७ | ० | ३२ | ० | १३६९ |
| ३ | जिल्ला शिक्षा कार्यालय | १४९१४ | ६८ | ३ | ३७ | १५०२२ |
| ४ | जिल्ला स्वास्थ्य कार्यालय | १७०९ | ११ | १० | ५ | १७३५ |
| ५ | सिचाई विकास डिभिजन | ६४८ | २ | ८८ | १ | ७३९ |
| ६ | मालपोत कार्यालय स्याङ्जा | १०१ | ६९ | ५९ | १५६ | ३८५ |
| ७ | मालपोत कार्यालय वालिङ् | ४० | २०४ | ० | २९६ | ५४० |
| ८ | तथ्यांक कार्यालय | १२४ | ० | ५ | ० | १२९ |
| ९ | अस्पताल विकास समिति | ० | ० | ० | ७० | ७० |
| | **जम्मा** | **१८८७३** | **३५४** | **१९७** | **१७२७४** | **३६६९८** |

**लेखापरीक्षण विधिः आन्तरिक लेखा परीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा** (रु लाखमा)

| क.स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | महिला तथा बालबालिका कार्यालय | २१२ | १ | ० | १४ | २२७ |
| २. | डिभिजन सहकारी कार्यालय | ५१ | २ | ० | ० | ५३ |
| ३. | जिल्ला निर्वाचन कार्यालय | ४३ | ० | ० | ० | ४३ |
| ४. | नापी कार्यालय स्याङ्जा | ४८ | ५ | ० | ० | ५३ |
| ५. | नापी कार्यालय वालिङ | ४२ | ९ | ० | १ | ५२ |
| ६. | चिसो पानी मत्स्य विकास केन्द्र | ३३ | ० | ० | ० | ३३ |
| ७. | रेशम विकास कार्यक्रम | ६३७ | ० | १ | ० | ६३८ |
| ८. | कोष तथा लेखा नियन्त्रक कार्यालय | ९१ | ५९६ | २ | १ | ६९० |
| ९. | जिल्ला सरकारी वकिल कार्यालय | ३४ | ० | ० | ० | ३४ |
| १०. | घरेलु तथा साना उद्योग विकास समिति | १२० | ४२ | १५ | ० | १७७ |
| ११. | स्याङ्जा जिल्ला अदालत | २५५ | ३९ | १०९ | ६ | ४०९ |
| १२. | जिल्ला प्रशासन कार्यालय | १५८ | २६३ | ३७ | ९२० | १३७८ |
| १३. | इलाका प्रशासन कार्यालय | २८ | २२६ | ० | ० | २५४ |
| १४. | जिल्ला प्रहरी कार्यालय | ८४५ | १ | ३७ | २३१ | १११४ |
| १५. | वडा प्रहरी कार्यालय वालिङ् | ५०० | ० | ० | ० | ५०० |
| १६. | इलाका प्रहरी कार्यालय रत्नपुरी | १७७ | ० | ० | ० | १७७ |
| १७. | जिल्ला ट्राफिक कार्यालय | ० | ३६ | ० | ० | ३६ |
| १८. | जिल्ल आयुर्वेद स्वास्थ्य केन्द्र | १०४ | ० | २ | २ | १०८ |
| १९. | कारागार कार्यालय | ५७ | ० | ० | ० | ५७ |
| २०. | शम्शेर गुल्म आधीखोला | ६३९ | ० | १० | ० | ६४९ |
| २१. | जिल्ला कृषि विकास कार्यालय | ५९२ | १ | ५ | १३ | ६११ |
| २२. | खानेपानी तथा सरसफाइ डिभिजन | १२११ | १ | ९८ | १ | १३११ |
| २३. | जिल्ला पशुसेवा कार्यालय | ४२७ | २ | ८ | ७ | ४४४ |
| २४. | जिल्ला भू संरक्षण कार्यालय | २६३ | ० | ० | ८ | २७१ |
| २५. | जिल्ला वन कार्यालय | २७५ | ९ | ११ | १० | ३०५ |
| २६. | राष्ट्रिय अनुसन्धान कार्यालय | ५४ | ० | ० | ० | ५४ |
| २७. | ईलाका प्रहरी कार्यालय चिसोपानी | १०८ | ० | ० | ० | १०८ |
| २८. | जिल्ला हुलाक कार्यालय | ३५२ | १७ | १ | २ | ३७२ |
| | **जम्मा** | ७३५६ | १२५० | ३३६ | १२१६ | १०१५८ |
| | **कुल जम्मा** | **२६२२९** | **१६०४** | **५३३** | **१८४९०** | **४६८५६** |

अनुसूची २

# बेरुजूको स्थिति

(रु हजारमा)

| क.स. | कार्यालयको नाम | सुरु बेरुजू | | प्रतिक्रिया बाट फछ्र्यौट र समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिया बाट | जम्मा |
| १ | जिल्ला विका्स समिति | ८८ | १८५७६ | ५६ | ४२ | ३२ | ९५७ | ६८९४ | १०६८३ | १८५३४ | ५६ | ४२ | ९८ |
| २ | जिल्ला प्राविधिक कार्यालय | १७ | ८८४५ | १ | ० | १६ | २७९ | ३१४३ | ५४२३ | ८८४५ | ० | ० | ० |
| ३ | जिल्ला शिक्षा कार्यालय | ८ | २१०१८४ | ० | ० | ८ | २० | २१०१६४ | ० | २१०१८४ | ११४ | ० | ११४ |
| ४ | जिल्ला स्वास्थ्य कार्यालय | ११ | २७७ | ३ | ० | ८ | ० | २७७ | ० | २७७ | २२ | ० | २२ |
| ५ | सिचाई विकास डिभिजन | १२ | १०५०० | १ | ० | ११ | ० | ० | १०५०० | १०५०० | ० | ० | ० |
| ६ | मालपोत कार्याल स्याङ्जा | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | १०३ | ० | १०३ |
| ७ | मालपोत कार्यालय वालिङ् | ३ | ४१ | १ | ० | २ | ४१ | ० | ० | ४१ | ० | ० | ० |
| ८ | तथ्यांक कार्यालय | ६ | ० | ४ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | जिल्ला अदालत | २ | २९ | ० | ० | २ | २९ | ० | ० | २९ | ० | ० | ० |
| १० | घरेलु उद्योग विकास समिति | २ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| ११ | महिला तथा बालबालिका कार्यालय | १ | २ | ० | ० | १ | २ | ० | ० | २ | ० | ० | ० |
| १२ | जिल्ला हुलाक कार्यालय | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | **१५२** | **२४८४५४** | **६६** | **४२** | **८६** | **१३२८** | **२२०४७८** | **२६६०६** | **२४८४१२** | **२९५** | **४२** | **३३७** |

द्रष्टव्य : .

- *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ ।*
- *प्रारम्भिक प्रतिवेदनमा उल्लेखित भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बा.की दफा कायम गरिएको छ ।*

## जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण

| आय | रकम | व्यय | रकम |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | **६५००२९४३।८२** | **वजेट खर्च** | **१७६५२६७४४।२२** |
| धरौटी खाता | १०३५११४१।११ | जि.वि.स. अनुदान (चालु) | ४६११४७४४।२२ |
| चालू खर्च खाता | ५६५९३३।६७ | गा.वि.स. अनुदान (चालु) | १३०४१२०००।०० |
| पूजिगत खर्च खाता | ४५५२०२७।३२ | **अन्य कोष खर्च** | **९३६३४०९९।२९** |
| आन्तरिक आय खाता | १२७५८७४९।१० | कोष चालू | १०४८५२१४।२९ |
| राजश्व वांडफाड खाता | २३७७११५३।२५ | कोष पुंजीगत | ४८१०४५९५।०० |
| अन्य संघ संस्था प्राप्त आय | १६१०१४६।०० | कन्टेन्जेन्सी | ५२६८६०।०० |
| कर्मचारी कल्याणकोष | ७०२०६७१।६९ | क १ छ दाखिला | १३९५००।०० |
| मर्मत संभार विशेष कोष | ६८८६०७।१२ | नेपाल पर्यटन वोर्ड | २९५९१००।०० |
| स्थानीय विकास विशेष कोष | २०००००।०० | भारतीय सहयोग कार्यक्रम | २९०१४२९।०० |
| प्रकोष व्यवस्थापन विशेष कोष | १२९८७०९।०० | सडक बोर्ड नेपाल | २१३८१२२।०० |
| मानव संसाधन विशेष कोष | ५१०१०५।०० | पश्चिम नेपाल ग्रा.खा.पा.यो.पूजिगत | १३८९५२४९।०० |
| वातावरण व्यवस्थापन कोष | १०००००।०० | पश्चिम नेपाल ग्रा.खा.पा.यो.चालू | ९४४०६१२।०० |
| गरिवी निवारण कोष | ५८००००।०० | जिल्ला उर्जा तथा वातावरण कोष | ९१५५०।०० |
| महिलातथा वालवालिका विकास कोष | ५७७६००।०० | मू.अ.कर र आयकर फिर्ता खर्च | १२५६११।०० |
| जिल्ला उर्जा तथा वातावरण कोष | ७२८०४।५० | उर्जा तथा वातावरण कार्यक्रम | १५७४२९०।०० |
| उर्जा ईकाई शाखा | ९६२५९।३३ | कर्मचारी कल्याणकोष | ४१६६५५।०० |
| साविक स्था.वि.कोष ऋण पुजिखाता | २४९०३६।७३ | मानव संसाधन विशेष कोष | १०५८७५।०० |
| **नेपाल सरकारको अनुदान** | **१७६५२६७४४।२२** | महिला तथा वालवालिका वि. कोष | १००००।०० |
| जि.वि.स. अनुदान (चालु) | ४६११४७४४।२२ | प्रकोप व्यवस्थापन विशेष कोष | ७०७८३७।०० |
| गा.वि.स. अनुदान (चालु) | १३०४१२०००।०० | वातावरण व्यवस्थापन विशेषकोष | ९६००।०० |
| **आन्तरिक श्रोत** | **५१२८६५९२।४८** | परिक्षा दस्तूर फिर्ता खर्च | २०००।०० |
| कर दस्तुर सेवा शुल्क र भाडा | २६९१९२०४।४८ | **केन्द्रिय राजश्व दाखिला** | **६४४९७३५।४५** |
| राजश्व बाँडफाँडबाट | २४३६७३८८।०० | **धरौटी खर्च** | **७०५५६७७।७८** |
| **अन्य श्रोत** | **४७८२५६९६।५९** | खाता नं. ३००१ ग ३ | ७०५५६७७।७८ |
| भारतीय सहयोग कार्यक्रम | ४३३३०९२।०० | **वाकी मौज्दात** | **६९३८७१८६।८४** |
| पर्यटन वोर्डको रकम प्राप्त | १७९९१२०।०० | आन्तरिक आय खाता | २६५४२२८१।६३ |
| पश्चिम नेपाल ग्रा.खा.पा.यो.पूजिगत | १५४०००००।०० | राजश्व वांडफाड खाता | ४३०२५४६।५७ |
| पश्चिम नेपाल ग्रा.खा.पा.यो.चालू | ९१६५२०८।९८ | अन्य संघ संस्था वाट प्राप्त आय | ७५७५३८८।१५ |
| सडक बोर्ड नेपाल | ३०३७१२३।०० | जिल्ला विकास कोष चालू | ५१४७८५।७१ |
| फिनिडा सरकारको रकम | ७१६५२४२।१५ | पश्चिम नेपाल ग्रा.खा.पा. चालू. | १५९३८८।०० |
| कन्टेन्जेन्सी | ५२६८६०।०० | कोष पुजिगत | १८९५४०५।०० |
| कर्मचारी कल्याणकोष | १४०३९१७।२९ | भारतिय सहयोग | १४३१६६३।०० |

| आय | रकम | व्यय | रकम |
|---|---|---|---|
| मर्मत सम्भार विशेष कोष | १९०००००।०० | सडक वोर्ड नेपाल | १२७९१७७।२३ |
| गरिवी निवारण विशेष कोष | २००००००।०० | पश्चिम नेपाल पूजिगत. | १५१२३००।३७ |
| प्रकोप व्यवस्थापन विशेष कोष | २००००००।०० | नेपाल पर्यटन वोर्ड | ४००२०।०० |
| वातावरण व्यवस्थापन विशेषकोष | ७८९४००।०० | धरौटी खाता | ९२५७१९४।३५ |
| साविक स्था.वि.कोष ऋणपूजि खाता | ३३६३५९।१७ | कर्मचारी कल्याणकोष | ८००७९३३।९८ |
| जिल्ला उर्जा तथा वातावरण कोष | ८२७१०।०० | मर्मत संभार विशेषकोष | २५८८६०७।१२ |
| उर्जा तथा वातावरण कार्यक्रम | १४८६६६४।०० | स्थानीय विकास विशेषकोष | २००००००।०० |
| | | प्रकोष व्यवस्थापन विशेषकोष | ७९०८७२।०० |
| | | मानव संसाधन विशेषकोष | ४०४२३०।०० |
| | | वातावरण व्यवस्थापन कोष | ८७९८००।०० |
| | | गरिवी निवारण कोष | ७८००००।०० |
| | | महिला तथा वालवालिका वि.कोष | ५६७६००।०० |
| | | जिल्ला उर्जा तथा वातावरण कोष | ६३९६४।५० |
| **केन्द्रिय राजश्व** | ६४४९७३५।४५ | उर्जा तथा वातावरण कार्यक्रम | ८६३३।३३ |
| **धरौटी आम्दानी** | ५९६१७३१।०२ | साविक स्था.वि.कोष ऋणपुजि खाता | ५८५३९५।९० |
| **आन्तरिक तर्फको जम्मा** | ३५३०५३४४३।५८ | **आन्तरिक तर्फको जम्मा** | **३५३०५३४४३।५८** |
| **केन्द्रीय कार्यक्रमतर्फको आय** | ५४९५९२८३६।०० | **केन्द्रीयतर्फको व्यय** | **५४९५९२८३६।००** |
| **कुल जम्मा** | ९०२६४६२७९।५८ | | ९०२६४६२७९।५८ |

अनुसूची - ४

## जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १ | जिल्ला विकास समिति | श्री महेश भट्टराइ | श्री बन्धुराज बराल |
| २ | जिल्ला प्राविधिक कार्यालय | श्री रेवतीरमण पराजुली | श्री अर्जुन प्रसाद पौडेल |
| ३ | जिल्ला शिक्षा कार्यालय | श्री खड्ग बहादुर कमाल | श्री विष्णुप्रसाद खनाल |
| ४ | जिल्ला स्वास्थ्य कार्यालय | डा. भोजराज गौतम | श्री खेमराज घिमिरे |
| ५ | सिचाई विकास डिभिजन | श्री रमेशबन्धु अर्याल | श्री ख्यामनारायण अर्याल |
| ६ | मालपोत कार्यालय पुतलिवजार | श्री दिनेश अधिकारी | श्री अनन्तराज मरासिनी |
| ७ | मालपोत कार्यालय वालिङ् | श्री ऋषिराम ढकाल | श्री द्रोणबहादुर के सी |
| ८ | तथ्यांक कार्यालय | श्री रामप्रसाद वाग्ले | श्री पशुपति खनाल |
| ९ | जिल्ला अदालत | श्री मोहन बहादुर अधिकारी र मुकुन्द आचार्य | श्री गौतमचन्द्र रेग्मी |
| १० | घरेलु उद्योग विकास समिति | श्री शिवशंकर बानिया | श्री सुशर्दन रेग्मी |
| ११ | महिला तथा बालबालिका कार्यालय | श्री चन्द्रकुमारी व्यन्जनकार | श्री राजेन्द्र पौडेल |
| १२ | जिल्ला हुलाक कार्यालय | श्री गणेश प्रसाद श्रेष्ठ | श्री विनोद सिग्देल |

977-1-4258172, 4255707

info@oag.gov.np

Kathmandu, Nepal

977-1-4268309, 4262798

13328

www.oagnep.gov.np